STUDY IN ABROAD
AUSTRALIA I NEW ZEALAND
UK I USA I CANADA
IELTS I OET I PTE
Preparation Center
BEACON
EDUCATION & VISA SERVICES

राष्ट्रिय दैनिक
# पोखरापत्र
Pokharapatra National Daily

रु. १.५ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक,
स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५

❑ वर्ष २३ ❑ अङ्क १०८ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०७९ बैशाख १९ गते सोमबार ❑ 2 May 2022 ❑ पृष्ठ ४ ❑ मूल्य रु. ५ ।-

## सबै सहर श्रमिकको मेहनतबाट बनेको हो : अध्यक्ष ओली

**रासस**
**काठमाडौं, १८ बैशाख**

नेकपा (एमाले) अध्यक्ष केपी शर्मा ओलीले सबै पुराना र नयाँ सहर श्रमिकको मेहनतबाट बनेको बताउनुभएको छ।

अन्तर्राष्ट्रिय मजदूर दिवसको अवसरमा आइतबार जिफन्टले आयोजना गरेको कार्यक्रममा अध्यक्ष ओलीले मजदूरकै प्रयासका कारण सबै सहर अहिलेको अवस्थामा आएको उल्लेख गर्नुभयो ।

विगतदेखि नै मालिकलाई श्रमिकले बाँच्न पाउने गरी मात्रै ज्याला दिनुपर्छ भन्ने सोच पाइएको उहाँको भनाइ छ। उहाँले भन्नुभयो, "मजदूरलाई ज्याला दिँदा ऊ र उसको परिवार बाँच्न सकोस् भन्ने मात्रै थियो र तीनका सन्तानलाई पनि मजदूर नै बनाउने सोच पाइन्थ्यो ।" मजदूरको लामो सङ्घर्षबाट आन्दोलनको स्मरण गर्न मे दिवसका रुपमा मनाउन थालिएको पूर्वप्रधानमन्त्री ओलीले बताउनुभयो।

विभेद र अत्याचार भएपछि मजदूर एकताबद्ध भएर आन्दोलन सुरु गरेको अध्यक्ष ओलीको भनाई छ। "त्यतिबेला श्रमिकको ज्यानको सुरक्षा पनि मालिकको हातमा हुने सोचाइ रहेको पाइन्थ्यो" उहाँले भन्नुभयो, "वर्गीय समाज बनेदेखि नै मजदूरलाई विभेद हुँदै आयो।"

फरक प्रसङ्गमा अध्यक्ष ओलीले अहिले काठमाडौँ महानगरपालिकामा प्रमुख र उपप्रमुख दुबै पदका उम्मेदवार सक्षम र सबल रहेको उहाँले दावी गर्नुभयो । एकजना अनुभवी र अर्को युवा जोश भएकाले त्यो दुई कुराको संयोजन सकारात्मक रहेको उहाँले जिकिर गर्नुभयो । हाल प्रमुखका उम्मेदवारले यसअघि प्रमुख हुँदा सकारात्मक काम सुरु गरेको र उपप्रमुख डङ्गोल युवा, महिला, नयाँ पुस्ताका र काठमाडौँका स्थानीयको प्रतिनिधिका रुपमा रहनुभएको उहाँको तर्क थियो । अहिले सबैतिर एमालेका पक्षमा लहर रहेकोसमेत उहाँले दावी गर्नुभयो । सामाजिक न्याय र समानताको नेतृत्वको अगुवाई एमालेले गर्ने अध्यक्ष ओलीले बताउनुभयो। "शारीरिक अशक्तलाई सबल र सक्षम बनाउन र उनीहरुलाई सम्मानजनक बाँच्न पाउने व्यवस्था मिलाउने काम एमाले नेतृत्वको सरकारले गरेको हो" उहाँले दोहोऱ्याउनुभयो।

उद्योग, श्रम, कृषि, व्यापार, बजार, सुरक्षा, सम्पदा, प्राकृतिक, नदीनालालगायतका क्षेत्रमा सुधारको नेतृत्व एमालले गरेको बताउनुभयो । उहाँले भन्नुभयो, "हाम्रो पहलमा बागमती, विष्णुमतिजस्ता धार्मिक नदी सफा गर्न अनेकन काम सुरु गरिएको थियो, अहिले त्यसमा केही सुधार आएको छ।"

## गण्डकी प्रदेश खाद्य परिषद्द्वारा काम सुरु

**पोखरापत्र संवाददाता**
**पोखरा, १८ बैशाख**

नागरिकको खाद्यसम्बन्धी अधिकारको सम्मान, संरक्षण र परिपूर्तिका लागि पारस्परिक समन्वय गर्न गण्डकी प्रदेशमा गठन गरिएको खाद्य परिषद्ले आफ्नो कार्य अघि बढाएको छ।

प्रदेश सरकारबाट गण्डकी प्रदेश खाद्य परिषद् गठन तथा सञ्चालन आदेश जारी भएपछि भूमि व्यवस्था, कृषि, सहकारी तथा गरिबी निवारणमन्त्री चन्द्रबहादुर बुढाको अध्यक्षतामा गठन गरिएको १७ सदस्यीय परिषद्ले कार्य प्रारम्भ गरेको हो।

परिषद्को पोखरामा बसेको पहिलो बैठकले खाद्य तथा कृषिसम्बन्धी सूचना सङ्कलन तथा विश्लेषण गरी नीति निर्माण तथा सूचना प्रवाहलाई प्रभावकारी बनाउन खाद्य सुरक्षा सूचना निर्देशक समिति गठन गर्ने निर्णय गरेको छ । निर्देशक समितिको संयोजकमा मन्त्रालयका सचिव डा हरिबहादुर केसी रहनुभएको छ । प्रदेशमा खाद्य अधिकार, खाद्य सुरक्षा तथा खाद्य सम्प्रभूताको संरक्षण र प्रवर्द्धन गर्न आवश्यक कानुनी, नीतिगत, संस्थागत र कार्यगत सुधारका लागि परिषद्ले प्रदेश सरकारलाई आवश्यक रायसहित सिफारिस गर्नेछ।

परिषद्को मुख्य कार्य प्रदेशभित्र भोकमरी वा भोकमरीको जोखिममा रहेका व्यक्ति, परिवार, समुदाय र क्षेत्रको नियमित रुपमा पहिचान गर्ने र त्यसको अभिलेख राख्ने तथा आवश्यक खाद्यान्नको सञ्चिति र वितरणको व्यवस्था मिलाउने रहेको सचिव केसीले जानकारी दिनुभयो । उहाँका अनुसार परिषद्ले प्रदेशभित्रका खाद्य असुरक्षाको जोखिममा रहेका लक्षित घरपरिवारको एकीकृत र अद्यावधिक अभिलेख राख्ने जिम्मेवारी छ । खाद्यअधिकार तथा खाद्य सम्प्रभूता ऐन २०७५ अनुसार प्रदेश सरकार मन्त्रिपरिषद्ले गत फागुन ९ गते गण्डकी प्रदेश खाद्य परिषद् (गठन तथा सञ्चालन) आदेश जारी गरेको थियो। सो परिषद्मा प्रदेश सरकारका सबै मन्त्रालय, नीति तथा योजना आयोग, नगरपालिका महासङ्घ गाउँपालिका महासङ्घ, उद्योग वाणिज्य महासङ्घ, किसान समूहलगायतको प्रतिनिधित्व रहेको छ । परिषद्को कार्यलाई प्रभावकारी बनाउन राष्ट्रङ्घीय विश्व खाद्य कार्यक्रमले सहयोग रहेको छ । नागरिकको संविधान प्रदत्त खाद्य अधिकारसम्बन्धी मौलिक हकको कार्यान्वयन र खाद्यमा नागरिकको पहुँचलाई सुनिश्चित् गर्नका लागि खाद्यअधिकार तथा खाद्य सम्प्रभूतासम्बन्धी ऐन विसं २०७५ मा जारी गरिएको थियो।

सो ऐनमा सङ्घमा कृषि तथा पशुपङ्क्षी मन्त्रीको संयोजकत्वमा राष्ट्रिय खाद्य परिषद् तथा प्रदेशमा प्रदेशस्तरीय खाद्य परिषद् गठनको संरचनागत व्यवस्था रहेको छ। स्थानीय तहमा नगरपालिकाको प्रमुख वा गाउँपालिका अध्यक्षको अध्यक्षतामा स्थानीय खाद्य समन्वय समितिको व्यवस्था ऐनमा छ।

## पोखरा बनाउने प्यासन र प्लानसहित आएको छु : गठबन्धनका उम्मेदवार आचार्य

**पोखरापत्र संवाददाता**
**पोखरा, १८ बैशाख**




पोखरा महानगरपालिकाको मेयर पदका उम्मेदवार धनराज आचार्यले पोखरा बनाउने प्यासनसहित आफू उम्मेदवार बनेको बताएका छन् ।

गठबन्धनले आइतबार पोखरामा आयोजना गरेको उम्मेदवार परिचयात्मक कार्यक्रममा बोल्दै सत्तारुढ गठबन्धनका तर्फबाट उम्मेदवार बनेका आचार्यले पोखरा बनाउने प्यासन र प्लान लिएर आफू उम्मेदवार बनेको बताएका हुन् ।

पोखरा बनाउन चार कुरा चाहिन्छ,उनले भने,'प्यासन, प्लान, डेडिकेसन र लिडरसीप । त्यो हामी ५ दलीय गठबन्धनमा छ ।' उनले पोखरा बिगार्ने छुट कसैलाई नभएको बताउँदै उनले थपे,' सँधैभरी समस्या मात्र देख्ने, सँधै कम्फर्ट जोनमा मात्रै बस्नेहरु छन् यहाँ हाम्रा प्रतिष्पर्धीहरु । तर हामी बनाउने योजना र कार्यान्वयन गर्ने आधार बनाएर आएका छौं । एकपटक विश्वास गरेर मतदान गरिदिनुस् ।' उम्मेदवार आचार्यले गठबन्धनलाई मजबुत बनाउन पोखराका सबै वडामा साझा उम्मेदवार चयन गर्नुपर्ने बताए । त्यसका दलहरुलाई आग्रह गर्दै उनले भने,'बैशाख २० गतेसम्ममा साझा उम्मेदवार चयन गरौं, त्यसले एकताको सन्देश दिन्छ । त्यसो भयो भने हामी सजिलै जित्छौं ।'

कार्यक्रममा गठबन्धनका तर्फबाट उपमेयरकी उम्मेदवार कोपिला रानाभाटले गठबन्धन मुलुकको आवश्यक्ता भएको बताईन् । उनले संविधान, लोकतन्त्र र राष्ट्रियता संरक्षणका लागि गठबन्धनलाई जिताउनुपर्नेमा जोड दिइन् । उनले भनिन्,'गठबन्धनले जितेन भने फेरीपनि संविधान, लोकतन्त्र, राष्ट्रियता खतरामा पर्छ, त्यसको संरक्षणका लागिपनि गठबन्धनले जित्नुपर्छ ।'

## गठबन्धन गरी चुनावमा जानु राष्ट्रको आवश्यकता : वरिष्ठ नेता पौडेल

**पोखरापत्र संवाददाता**
**तनहुँ, १८ बैशाख**

नेपाली कांग्रेसका वरिष्ठ नेता रामचन्द्र पौडेलले गठबन्धन गरी चुनावमा जानु राष्ट्रको आवश्यकता भएको बताउनुभएको छ।

एक सय ३३औं अन्तर्राष्ट्रिय श्रमिक दिवसका अवसरमा नेपाल ट्रेड युनियन कांग्रेस तनहुँद्वारा आज दमौलीमा आयोजित कार्यक्रममा वरिष्ठ नेता पौडेलले एक्लै लड्दा सबै ठाउँमा जित हासिल गर्न मुश्किल पर्ने हुँदा कमजोर ठाँउमा

बाँकी अन्तिम पृष्ठमा ▶▶

## सहारा एकेडेमीका ८ जना किशोरलाई बिधाई

**पोखरापत्र संवाददाता**
**पोखरा, १८ बैशाख**

सूर्य बहादुर के.सी.स्मृती सहारा फुटवल एकेडेमीमा रहेका ८ जना किशोरहरुलाई बिधाई गरिएको छ । प्लस टु सकेका ८ जना किशोरहरुलाई क्लवले एक समारोहका बिच आइतबार बिधाई गरेको हो।


करिब ९ बर्ष एकेडेमीमा रहेर फुटवल सहित उच्च शिक्षा हासिल गरेका पोखरा १० का सन्दिप के.सी.,पर्वत कार्कीनेटा ६ का शिशिर क्षत्री, रुकुम कोल २ का कुशल बुढामगर, कास्की कृष्ति २ का निश्चल भण्डारी, चितवन छार्वोव्क ३ का प्रमिश गुरुङ, सुरेखेत विरेन्द्र नगर १२ का कमल सोमई मगर, स्याङजा बाहकोट १ का सन्देस गुरुङ र स्याङजा पन्चमुल ४ निरज बि.क.लाई क्लवले बिधाई गरेको हो । क्लवका सस्थापक अध्यक्ष वसन्त थकाली, मानार्थ सदस्य महेश गुरुङ, क्लवका अध्यक्ष हरिराम गुरुङ(सुरज), निवर्तमान अध्यक्ष केशव थापा, पूर्व अध्यक्ष विक्रम थकाली र विरभद्र आचार्य लगायतले खेलाडीहरुलाई खादा सहित मायाको चिनो प्रदान गर्दै बिधाई गर्नु भएको हो। एकेडेमीमा तेश्रो व्याजको रुपमा १६ जिल्लाका २८ जना बालहरु रहे पनि हाल १५ जना रहेको सहारा क्लवका महासचिव रामजी प्रसाद अधिकारीले बराललले बताए।

आत्म साँक्षी राखी मन, बचन र कर्मले सामाजिक सेवा गरौं भन्ने उद्धेश्यले २०५५ साल भदौं ३० गते सहारा क्लवको स्थापना भएको हो । पहिलो संस्करण २०५८ सालमा को क्याराभान गोल्ड कप सुरु भएसंगै सहारा एकेडेमी सुरु भएको थियो। कार्यक्रममा बोल्दै संस्थापक अध्यक्ष थकालीले जहाँ गरिब र बिपन्न बर्गका मानिसहरु रहेका छन उनीहरुको हकहितमा वोल्दै आफुले सकेको सहयोग गर्न एकेडेमीका किशोरहरुलाई सुझाव दिनु भयो । क्लवका मानार्थ सदस्य महेश गुरुङले क्लवले हुर्काएका किशोरहरु जहाँ भए पनि क्लव प्रति आफ्नो भूमिका खेल्न सक्नुपर्ने बताउनु भयो । उहाँले थप शिक्षा हासिल गर्दा आवश्यक पर्ने सहयोग गर्न समेत आफुहरु तयार रहेको जनाउनु भयो । एकेडेमीबाट बिधाई हुदै गर्दा सुरेखेत विरेन्द्र नगर १२ का कमल सोमई मगर भावुक हुदै आफ्नो वाल्यकालको महत्वपूर्ण जीवनमा एकेडेमीले आमा बाबुको माया दिएकोले आफु जहाँ भए पनि एकेडेमी प्रचि चासो दिने बताउनु भयो।

एकेडेमीले हाल आफ्नो खुट्टामा उभिन सिकाएकोमा क्लव प्रति समेत धन्यवाद दिदै उहाँले भगवानको रुपमा एकेडेमी रहेको दाबी गर्नु भयो । आफुहरुलाई आमा बाबुको अभाव हुन नदिने क्लवका पदाधिकारीहरु प्रति र दाताहरु प्रति मगरले आभार समेत व्यक्त गर्नु भएको छ । क्लवका अध्यक्ष हरिराम गुरुङ (सुरज) को अध्यक्षतामा सम्पन्न भएको कार्यक्रममा बरिष्ठ उपाध्यक्ष केशवराज बराल, उपाध्यक्ष चित्र बहादुर पुन लगायतले वोल्नु भएको थियो।

यसैबिच क्लवले सहारा एकेडेमीमा मानार्थ सदस्य महेश गुरुङ, सहारा युकेका सल्लाहकारहरु शेरा गुरुङ र भोज बहादुर गुरुङ, रामबजार सोसाइटी युकेका पूर्व अध्यक्ष रुपक गुरुङ, नेपाल खेलकुद पत्रकार मञ्च गण्डकीका अध्यक्ष दीननाथ बराल सहारा क्लवद्धारा संचालित सहारा एकेडेमीलाई पोखराको व्यावसायिक घराना सूर्यबहादुर केसी परिवारले वार्षिक १५ लाखका दरले १० वर्ष सहयोग गर्ने भएको छ। एकेडेमीको जिम्मेवारी लिएसँग सहारा क्लब एकेडेमीको नाम समेत परिवर्तन भएको क्लवले जनाएको छ।

वि.सं. २०३९ देखि शिक्षा क्षेत्रमा उत्कृष्ट नतिजा
सहित आफ्नो छुट्टै पहिचान बनाउन सफल



लिटिल स्टेप माध्यमिक विद्यालय
सिमलचौर, पोखरा-८ । फोन नं. ०६१-५२५०१३, ५३१९६५, ५५०७९६
नर्सरीदेखि कक्षा ९ सम्म भर्ना खुल्यो !
हाम्रा विशेषता:
» सुविधासम्पन्न विज्ञान र कम्प्युटर ल्याब तथा पुस्तकालय र इन्टरनेटको सुविधा ।
» यातायातको लागि बसको सुविधा।
» शान्त शैक्षिक वातावरण तथा विभिन्न खेलका लागि पर्याप्त खेलमैदान सहित अतिरिक्त क्रियाकलापको लागि दुईवटा इन्डोर र आउटडोर अडिटोरियम हल ।
» मन्टेश्वरी विधिद्वारा अध्यापन साथसाथै छात्रवृत्तिको व्यवस्था ।
» छात्र तथा छात्राको लागि छुट्टा छुट्टै व्यवस्थित छात्रावास ।
भर्ना प्रक्रिया:
» प्लेग्रुप, नर्सरी तथा केजी कक्षामा भर्ना चलीरहेको छ भने कक्षा १ देखि ९ सम्मका लागि भर्ना फारम वितरण भइरहेको छ ।
» प्रवेश परीक्षा (कक्षा १ देखि ९): बैशाख २३ गते, समय: ११ बजे
» नयाँ शैक्षिक सत्र जेष्ठ ५ गतेबाट आरम्भ हुनेछ ।

# नेपाल जिम्बावेसँग पराजित

**रासस**
**काठमाडौं, १८ बैशाख**

जिम्बावे 'ए' विरुद्धको टी-ट्वान्टी सिरिजअन्तर्गत आइतबार भएको पहिलो खेलमा नेपाल ६ विकेटले पराजित भएको छ । कीर्तिपुरस्थित त्रिवि क्रिकेट मैदानमा नेपालले दिएको १८२ रनको लक्ष्य जिम्बावे ए टोलीले १८ दशमलव ५ ओभरमा ४ विकेट गुमाएर पूरा गऱ्यो । जिम्बावेको जितमा तडिवानाशे मारुमानीले सर्वाधिक ५६ रनको योगदान दिए। त्यस्तै कप्तान टोनी मुनयोङ्गाले ५० रन जोडे भने इनोसेन्ट कैयाले ४७ रन बनाए ।

नेपालका बसिर अहमदले २ तथा कप्तान सन्दीप लामिछाने र करण केसीले समान १/१ विकेट लिए । त्यसअघि टस हारेर पहिले ब्याटिङ गरेको नेपालले निर्धारित २० ओभरमा ५ विकेट गुमाएर १८१ रन बनाएको थियो । नेपालका लागि आदिल अन्सारीले अविजित रहँदै सर्वाधिक ४७ रन बनाए । उनले २७ बलमा चार चौका र तीन छक्कासहित ४७ रनको योगदान दिएका हुन ।

त्यस्तै कुशल भुर्तेलले ४६ रन जोड्दा रोहित पौडेलले ३९ रन बनाए । दीपेन्द्र सिंह ऐरीले २८ रन बनाए भने आसिफ शेख ९ रनमा आउट भए । आरिफ शेख २ रनमा आउट भए भने करण केसी ४ रनमा अविजित रहे । बलिङमा जिम्बावेका ब्राड इभान्स, लुक जोंग्वे, ब्रेन्डन मभुता र जोन मसराले समान १/१ विकेट लिए । आइसिसी पुरुष क्रिकेट विश्वकप लिग टूअन्तर्गत अमेरिकामा हुने त्रिकोणात्मक एकदिवसीय सिरिजको तयारीस्वरूप नेपालले जिम्बावे ए टोलीसँग उक्त सिरिज खेलिरहेको हो ।

# सगरमाथा आरोहण गर्न ३१६ जनाले लिए अनुमति

**रासस**
**काठमाडौं, १८ बैशाख**

यस वर्षको वसन्त यामको सगरमाथा (८,८४८.८६ मिटर) हिमाल आरोहणका लागि ३९ आरोही समूहका ३१६ जनाले आरोहण अनुमति लिएका छन् ।

संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय, पर्यटन विभागका अनुसार सगरमाथासहित २५ हिमाल तथा चुली आरोहणका लागि १११ आरोही समूहका १९५ महिला र ७०४ पुरुषसहित कूल ८९९ आरोहीले अनुमति पाएका छन् । विभागको पर्वतारोहण शाखाबाट जारी भएको मार्च अन्तिमसम्मको एक्सिपीडिसन पर्मिटमा सबैभन्दा धेरै सगरमाथा आरोहण गर्न ३८ आरोही समूहका ३०२ आरोहीले अनुमति लिएका छन् । अमादब्लम (६,८१४ मिटर) आरोहणका लागि नौ समूहका ९७ जनाले अनुमति पाएका छन् । कञ्चनजङ्घा (८,५८६ मिटर) आरोहणका लागि सात समूहले अनुमति लिएको छ ।

अन्नपूर्ण (८,०९१ मिटर) चार र नुप्से आरोहणका लागि सात समूहले अनुमति पाएको छ । मकालु (८,४६३ मिटर) मा चार, धौलागिरि (८,१६७ मिटर) का लागि दुई र ल्होत्से (८,५१६ मिटर) का लागि एक आरोही समूहले अनुमति लिएका छन् । त्यसैगरी नुप्से आरोहणका लागि सात, हिमलुङ्ग चुली र थापा पिकका लागि चार/चार समूहले आरोहण अनुमति लिएर गन्तव्यतर्फ प्रस्थान गरेका छन् । ती हिमाल तथा पिक आरोहणबाट हालसम्म रु ४६ करोड ७५ लाख रोयल्टी जम्मा भएको विभागले जनाएको छ ।

# कोन सामुदायिक सहकारीमा १ सय २४ युनिट रगत संकलन

**पोखरापत्र संवाददाता**
**पोखरा, १८ बैशाख**



कोन सामुदायिक बचत तथा ऋण सहकारी संस्थाले आयोजना गरेको रक्तदान कार्यक्रममा आइतवार एक सय २४ यूनिट रगत संकलन भएको छ।

जिल्ला सहकारी संघ लि. कास्कीका अध्यक्ष सावित्रा कोइरालाले कोन सहकारी उत्कृष्ट सवल सक्षम र आधुनिक मैत्री भएको भनिन् । सहकारी अझ वित्तियमा धेरै सक्षम भएकोले भविष्यमा राम्रो कारोवार गर्दै जाने अध्यक्ष कोइरालाले वताइन् । कोइरालाले संचालक समितिका सदस्य एवं कार्यक्रम संयोजक खड्क बहादुर गुरुङलाई ब्लड व्याग हस्तान्तरण गर्दै कार्यक्रमको उद्घाटन गरेकी हुन् । सहकारीका निवर्तमान अध्यक्ष तथा मानार्थ संरक्षक शरदकान्त सिग्देलले आगमी वर्षमा रक्तदान कार्यक्रमलाइ वार्षिक कार्यक्रम अन्तर्गत मनाइदै जाने भने । कोन सामुदायिक बचत तथा ऋण सहकारी संस्थ लि. का अध्यक्ष तिर्थवहादुर बस्नेतको अध्यक्षतामा भएको कार्यक्रममा सल्लाहकारको तर्फवाट नारायण प्रसाद पराजुली, आर्वा वहुउद्देश्यीय सहकारी संस्था लि.का अध्यक्ष नविन वराल लगायत वोलेको कार्यक्रममा संचालन सचिव शान्तकुमार श्रेष्ठले गरेका थिए ।

नेपाल रेडक्रस सोसाइटी क्षेत्रिय रक्तसञ्चार केन्द्रको प्राविधिक सहयोगमा कार्यक्रमा सम्पन्न भएको थियो । आर्वा वहुउद्देश्यीय सहकारी संस्था लिको कार्यक्रममा उल्लेखनीय उपस्थिति रहेको थियो ।

# गठबन्धनको भावनाअनुसार निर्वाचनमा होमिन निर्देशन


**रासस**
**काठमाडौं, १८ बैशाख**

सत्ता गठबन्धनको बैठकले स्थानीय तह निर्वाचनमा समझदारी अनुरुप काम गर्न आ-आफ्ना दलले आ-आफ्ना मातहतका निकायलाई निर्देशन दिने निर्णय गरेको छ ।

स्थानीय तह निर्वाचनको आन्तरिक तयारी र अनुगमन गर्ने संयन्त्रको आज बसेको बैठकले गठबन्धनका साझा उम्मेदवारका विरुद्ध मनोनयन दर्ता गराएका उम्मेदवारलाई कारबाही गर्ने निर्णय गरेको हो । पाँच दलीय गठबन्धनमा समझदारी भएको तर समझदारी अनुरुप उम्मेदवारी फिर्ता नलिएको तथा फिर्ता लिने समय अपुग भएका स्थानहरुमा समझदारी अनरुप कार्य गर्न गराउन आ-आफ्ना दलले आ-आफ्ना मातहतका निकायहरुलाई निर्देशन दिने निर्णय बैठकले गरेको छ । बैठकले गठबन्धनको मर्म र भावना अनुरुप आपसी एकता कायम गर्दै निर्वाचनमा सक्रियतापूर्वक जिम्मेवारी पूरा गर्ने निर्णय पनि गरेको छ । यो निर्णय पालना नगर्नेलाई आ-आफ्ना दलले कारबाही गर्ने निर्णय पनि संयन्त्रको बैठकले गरेको छ ।

# मेजर विर सिं गुरुङको स्मृति प्रतिष्ठानको अध्यक्षमा केसी

**पोखरापत्र संवाददाता**
**पोखरा, १८ बैशाख**



मेजर विर सिं गुरुङको स्मृति प्रतिष्ठानको नवौ वार्षिक साधारण सभा तथा तेस्रो अधिवेशनाले पुनः प्रा. डा कृष्ण वहादुर केसीलाइ पुनः अध्यक्षमा चयन गरेको छ ।

आइतवार भएको अधिवेशनवाट प्रथम उपाध्यक्षमा देवीराज गुरुङ, सचिवमा सु. इन्द्रवहादुर गुरुङ, सह सचिवमा यमवहादुर गुरुङ, कोषाध्यक्षमा गमवहादुर गुरुङ रहेका छन् । त्यसैगरी सदस्यहरुमा क्रमश ववि गुरुङ, निसा गुरुङ, मिरादेवी गुरुङ र खिमहहादुर गुरुङलाइ चारवर्षको लागि चयन गरेको छ । पोखरा स्वास्थ्य विज्ञान प्रतिष्ठानका उपकुलपति प्रा. डा डुकवहादुर क्षेत्रीले कार्यक्रम उद्घाटन गरेका थिए ।

कार्यक्रममा माहारुद्र माविका अषिस पाण्डे र प्रतिक्षा भुजेललाइ सम्मान गरिएको थियो । मेजर विर सिं गुरुङको स्मृति प्रतिष्ठाको अध्यक्ष प्राडा कृष्णहादुर केसीको अध्यक्षतमा भएको कार्यक्रममा प्रतिष्ठानका निर्देशक भरत वहादुर क्षेत्री, डिन श्री कृष्ण श्रेष्ठ, निवर्तमान उपकुलपति प्रा.डा बुद्धी वहादुर थापा, पत्रकार रविन्द्र माकाजु, संरक्षक सदस्य लोकवहादुर गुरुङ लगायत वालेको कार्यक्रममा स्वागत प्रथम उपाध्यक्ष देवीराज गुरुङ र सचिव सु.इन्द्रवहादुर गुरुङले संचालन गरेका थिए । मेजर विर सिं गुरुङको स्मृति प्रतिष्ठाको अध्यक्ष प्राडा कृष्णहादुर केसीको अध्यक्षतमा कार्यक्रममा भएको थियो ।

# गठबन्धन...

गठबन्धन गर्न आवश्यक रहेको बताउनुभयो । गठबन्धन बीचको चुनावी तालमेलले राम्रो परिणाम ल्याउने उहाँको दाबी थियो ।

"यही सरकारलाई संसदीय चुनावसम्म जोगाइ राख्न गठबन्धन दलबीच चुनावी तालमेल गरिएको हो", नेता पौडेलले भन्नुभयो । लोकतन्त्र, स्थायित्व र उपलब्धिको रक्षा गर्न कांग्रेस गठबन्धन दलबीच तालमेल गरेर अगाडि बढेको उहाँको धारणा थियो । देशमा लोकतान्त्रिक गणतन्त्र ल्याउन श्रमिकले खेलेको भूमिका महत्वपूर्ण रहेको नेता पौडेलले बताउनुभयो । कांग्रेस केन्द्रीय सदस्य गोविन्द भट्टराई, राष्ट्रियसभाका सदस्य प्रकाश पन्थ, जिल्ला समन्वय समितिका प्रमुख शान्तिरमण वाग्ले, ट्रेड युनियन कांग्रेस तनहुँका अध्यक्ष सूर्यचन्द्र हड्खले, उपाध्यक्ष लोकराज सेढाइलगायतकाले मजदुरको गास, बास र कपासको व्यवस्थाका साथै सामाजिक सुरक्षामा राज्यले ध्यान दिनुपर्नेमा जोड दिए ।

# नेपाली कांग्रेस गण्डकीमा प्रदेश प्रचार प्रसार तथा अनुगमन समिति गठन

**पोखरापत्र संवाददाता**
**पोखरा, १८ बैशाख**

आसन्न स्थानीय तहको निर्वाचनलाई लक्षित गरी नेपाली काग्रेस गण्डकीमा प्रदेश प्रचार प्रसार तथा अनुगमन समिति गठन गरिएको छ ।

काँग्रेससहित गठबन्धनका उमेदवारहरुलाई विजयी गराउनका लागि नेपाली काँग्रेस गण्डकी प्रदेशका महामन्त्री किरण वावु श्रेष्ठको नेतृत्वमा १५१ सदस्यीय समिति गठन भएको हो ।

समितिको उपसयोजकमा प्रा डा. कुश्माकर न्यौपाने, सचिवमा गण्डकी प्रदेशका प्रचार प्रसार विभाग प्रमुख रमेश पौडेल रहनु भएको छ । अन्य सदस्यमा नेपाली काँग्रेसका गण्डकी प्रदेशका सदस्यहरु तथा आमन्त्रित सदस्यहरु, नेपाली काँग्रेस गण्डकी प्रदेश मातहतका जिल्ला सभापतिहरु, नेपाली काँग्रेसका गण्डकी प्रदेशका सांसद सदस्यहरु एवं प्रत्याशीहरु,नेपाली काँग्रेसका गण्डकी प्रदेशका भातृ तथा सुभेच्छुक संस्थाका सभापतिहरु तथा पदाधिकारी सदस्यहरु, प्रजातान्त्रिक व्यवसायी संघका अध्यक्ष एवं पदाधिकारी सदस्यहरु रहको गण्डकी प्रदेशका प्रचार प्रसार विभाग प्रमुख रमेश पौडेलले जानकारी दिनुभयो ।

त्यसै गरी नेपाली काँग्रेस गण्डकी प्रदेश संगठन विभाग प्रमुख हरि बरालको संयोजकत्वमा पाँच सदस्यीय निर्वाचन अनुगमन समितिसमेत गठन गरिएको छ । जसमा विरेन्द्र मण्डल, जीवन बास्तोला, शिरोमणी वराल, देवीश्री कार्की क्षेत्री रहेको पाटी प्रवक्ता माधव प्रसाद बास्तोला मधुले जानकारी दिनुभयो ।


## के तपाईमा यौनसम्बन्धी समस्या छ

**पुरूषमा देखिने**:
शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङग उत्तेजना नहुने, लिङ चिलाउने, सरूवा यौन रोग, स्वप्नदोष, लिङगको आकार सानो हुने आदि ।

**महिलाहरूमा देखिने**:
स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडवडी, यौन सन्तुष्टिमा कमी हुने आदि ।

**सुन्दरता** : अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरु ।

**मलद्वार सम्बन्धी रोग** : छारसुत्रद्वार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्वारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्वार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरूको सफल उपचार गरिन्छ।

महिला वा पुरूषमा हुने (बाँझोपन) निःसन्तानपनको सफल उपचार

**जाँच्ने समय**: प्रत्येक दिन बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म

सम्पर्क स्थान :
**माता मनकामना आर्युर्बेद क्लिनीक प्रा.लि.**
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१- ५८९१९४, ९८४४३११९०६, ९८५१०८८११८

नोट : नयाँ तथा पुराना बिरामीहरूले यथाशीघ्र सम्पर्क गर्नुहोला।



## ट्राफिक नियमको पालना गरौं ।

◆बाटो काट्दा जेब्रा क्रसिंगको प्रयोग गरौं,
◆सडक बत्ति हेरेर मात्र बाटो काटौं,
◆सडक तथा सडक किनारामा सवारी साधन जथाभावी पार्किङ नगरौ,
◆तोकिएको स्थानमा मात्र सवारी साधन पार्किङ गरौं,
◆पैदलयात्रीले फुटपाथ तथा आकासे पुलको प्रयोग गरौं ।

*सडक दुर्घटनाबाट आफू पनि बचौं, अरुलाई पनि बचाऔं ।*

**नेपाल सरकार**
**विज्ञापन बोर्ड**



## भर्ना खुल्यो ! भर्ना खुल्यो !! भर्ना खुल्यो !!!

यही शैक्षिक सत्रबाट अत्याधुनिक प्रविधि नेपालमै पहिलो पटक Smart Board र आधुनिक Smart Bus को प्रयोग गरी पढाइने यस Happy Borading School मा Nursery देखि कक्षा नौसम्म सिमित सिटमा भर्ना खुयो ।

**हाम्रा बिशेषताहरू:**






- विद्यार्थीहरुलाई पनि Air Condition को व्यवस्था भएको ।
- अत्याधुनिक सुविधायुक्त फर्निचर तथा कक्षा कोठाको व्यवस्था ।
- आफ्नो घर जग्गामा अवस्थित भई प्रयाप्त खेल मैदान भएको ।
- सुरक्षा तथा अनुशासनको लागि स्कुल परिसरमा २४ सै घण्टा CC Camera को व्यवस्था गरिएको ।
- सूचना प्रवाहको लागि प्रत्येक कक्षामा Loud Speaker को व्यवस्था ।
- Multimedia द्वारा अध्यापन गराइने ।

**Happy Boarding School**
**शिव मार्ग, मासबार पोखरा- ७ Contact : 061-462156, 466214**

For more details: **www.happyboarding.edu.np**
NB: The admission form can be obtained from school office or can be sent through website.



## VACANCY ANNOUNCEMENT

**Happy Boarding School Shiva Marga, Masbar Pokhara -7 Tel. 061-462156, 466214**
**Happy Boarding School** invites applications from the dynamic,energetic and dedicated candidates to join our vibrant team of true academic professionals for the following positions :

| Position | Subject | No. | Qualifications |
|---|---|---|---|
| Secondary Level Teacher | Science | 1 | Bachelor in science with at least 2 year of teaching experience at secondary level, masters preferred. |
| Primary Level Teacher | Science | 1 | Bachelor in science with at least 2 year of teaching experience at primary level. |
| Primary Level Teacher | English / Social | 1 | Bachelor in English with at least 2 year of teaching experience at primary level. |
| Primary Level Teacher | Mathematics | 1 | Bachelor in Mathematics with at least 2 year of teaching experience at primary level. |
| Basic Level Teacher | Computer | 1 | Bachelor in science with at least 2 year of teaching experience at primary level. |
| Secondary Level Teacher | H. P. E | 1 | Bachelor in English with at least 2 year of teaching experience at secondary level. |
| Dance | Dance/ Art/Games | 1 | Prefacing in related field. |
| Bus Helper | | 1 | Interested |

- Interested candidates are requested to submit their resume,the applicationalong with experience certificate to the school reception by 19th Baisakh, 2079.
- Admission open from Nursery to Grade 9.
- A School with planty of facilities, such as smart buses well furnished class rooms using Smart Boards which are quite unique attempts first time in Nepal .

**Hurry up ! Seats are limited. Confirm the seats before heard.**


फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्ध निर्देशकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com,Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

**सुक्तिसुधा**

एक टन सिद्धान्तको तुलनामा एक औंस कामको धेरै मूल्य हुन्छ । – फ्रेडरिक एंगेल्स

## सम्पादकीय

# प्रहरी प्रणाली भत्काउने काम

प्रधानमन्त्री शेरबहादुर देउवाले जेष्ठता र वरिष्ठताक्रम मिचेर नेपाल प्रहरीको महानिरीक्षक (आईजीपी) बनाएका छन् । प्रहरीको स्थापित मान्यता र चेन अफ कमान्डमा चल्ने संगठनलाई भत्काउने काम गरेका छन । अतिरिक्त महानिरीक्षक (एआईजीपी) धीरजप्रताप सिंहलाई बढुवा गरिएको छ। डेढ वर्ष सिनियर एआईजीपी विश्वराज पोखरेल र १० महिना सिनियर सकुलबहादुर थापालाई पन्छाएर प्रधानमन्त्री देउवाले १ महिना अघि मात्रै एआइजीपी बनेका सिंहलाई प्रहरीको महानिरीक्षकमा बढुवा गरेर प्रणाली ध्वस्त पारेका छन ।

महानिरीक्षक शैलेश थापा क्षत्रीसहित २०४९ वैशाखमा सेवा प्रवेश गरेका सबै अधिकृतहरु सोमबारबाट अनिवार्य अवकासमा जाँदै छन् । नेपाल प्रहरीको 'चेन अफ कमाण्ड'मै असर पुग्ने गरी कनिष्ठलाई आईजीपीमा बढुवा गरिएपछि सिनियर एआइजीपीद्वय पोखरेल र थापा यसविरुद्ध सर्वोच्च अदालत जान बाध्य बनाएका छन । सत्ता गठबन्धनमा रहेका दल र कांग्रेसभित्रैका नेताहरुले कनिष्ठलाई महानिरीक्षक बढुवा गर्दा नकारात्मक सन्देश जाने भन्दै स्वभाविक प्रक्रियाबाट नेतृत्व चयन गर्न प्रधानमन्त्रीलाई सुझाव दिएका थिए । प्रहरी नियमावलीमा पनि जेष्ठतालाई बढुवाको पहिलो प्राथमिकतामा राखिएको छ ।

प्रहरी नियमावली २०७१ को नियम ४१ मा 'प्रहरी महानिरीक्षक पदमा बढुवा गर्दा जेष्ठता, कार्यकुशलता, कार्यक्षमता, उत्तरदायित्व वहन गर्न सक्ने क्षमता, नेतृत्व प्रदान गर्न सक्ने कुशलता तथा आफूभन्दा मुनिको प्रहरीलाई प्रोत्साहन र परिचालन गर्न सक्ने सामर्थ्यको आधारमा नेपाल सरकारले उपयुक्त देखेको उम्मेदवारलाई प्रहरी महानिरीक्षक पदमा बढुवा गर्नेछ,' भनिएको छ । त्यस्तै नियवावलीको नियम ३० मा बढुवा हुने आधार जेष्ठता, कार्यसम्पादन मुल्यांकन, तालिम, शैक्षिक योग्यता, भौगोलिक क्षेत्रको अनुभव वापतका अंकमा सबैभन्दा बढी अंक प्राप्त गर्ने उम्मेदवारको बढुवा हुने,' भनिएको छ । तर, यी दुवै प्रावधानलाई सरकारले वेवास्ता गरेको छ। त्यतिमात्र होइन, यसअघि सर्वोच्चले गरेका व्याख्या र नजिरलाई पनि सरकारले बढुवामा वेवास्ता गरेको छ ।

कनिष्ठ डीआईजी जयबहादुर चन्दलाई महानिरीक्षक बनाएपछि पहिलो वरियताका डीआईजी नवराज सिलवालले दायर गरेको मुद्दामा सर्वोच्च अदालतले 'जेष्ठता र वरिष्ठता मिचेर प्रहरी महानिरीक्षकको नियुक्ति गरिएमा संगठनका चेन अफ कमाण्ड भत्किने र यसले प्रहरीको व्यवसायिकता र अनुशासन समेत समाप्त हुने, जेष्ठता वा वरिष्ठतालाई कुनै उचित, पर्याप्त र मनासिब कारणको अभावमा अवमूल्यन गरियो भने परिणामतः स्वेच्छाचारिताले प्रश्रय पाउने व्याख्या गरेको थियो । त्यस्तै तत्कालीन डीआईजी दिनकर शमशेर राणाले वरिष्ठतालाई पन्छाएर अरुलाई एआईजीमा बढुवा गरेको भन्दै सर्वोच्चमा दायर गरेको मुद्दामा पनि सर्वोच्चले 'वरिष्ठलाई कनिष्ठ एवं कनिष्ठलाई वरिष्ठ पदमा रूपान्तरित गर्नु स्वीकार्य र वाञ्छनीय हुँदैन, त्यसो गर्दा प्रहरी बलमा नकारात्मक प्रभाव पर्ने कुरा निश्चित छ । मनपरी वा स्वेच्छाचारी ढंगले बढुवा गर्न नियमले स्वविवेकाधिकार प्रदान गरेको भनी अर्थ गर्न मिल्ने देखिँदैन,' भनी व्याख्या गरेको थियो ।

एआईजी बढुवामा अन्याय भएको भन्दै यादव अधिकारीले दायर गरेको मुद्दामा पनि सर्वोच्चले 'बढुवा प्रक्रियामा वरिष्ठता र कार्यक्षमतालाई विशेष महत्त्वका साथ हेरिनु आवश्यक देखिन्छ,' भनी व्याख्या गरेको थियो । २०५४ ताका पनि तत्कालीन आईजीपी अच्युतकृष्ण खरेललाई राष्ट्रिय अनुसन्धान विभागमा सरुवा गरी ध्रुवबहादुर प्रधानलाई आईजीपी बनाइयो । त्यसपछि खरेल सरकारको निर्णयविरुद्ध सर्वोच्चमा पुगे । सर्वोच्चले खरेललाई पुनर्वहाली हुने आदेश दियो । पछि यसको फैसलामा सर्वोच्चले 'राजनीतिक कृपाको भरमा प्रहरी प्रशासन निर्भर रहने हो भने प्रहरी सेवाको निष्पक्षता र कर्तव्य परायणतामा ह्रास आई देशको आन्तरिक अमनचैन र कानुन कार्यान्वयनको स्थिति बिग्रन जाने र यस्तो परम्परा रहेमा भयावह स्थिति उत्पन्न हुने अवस्था आउने,' व्याख्या गरको थियो।

आईजीपीमा बढुवा भएका सिंहसहित पोखरेल र थापा २०४९ चैतमा निरीक्षकबाट सेवा प्रवेश गरेका थिए । तर, एआईजी हुँदा उनीहरुको जेष्ठता र वरियताक्रमको हैसियत नै फरक फरक छ । सुरक्षा संगठनमा एकै दिन एकभन्दा बढी अधिकृतहरु बढुवा भएमा दर्ज्यानी चिन्ह लगाउँदा दायाँतर्फ उभिएका अधिकृतको वरियताक्रम पहिलो हुने अभ्यास छ । त्यही अनुसार वरियताक्रममा पहिलो भएकाको कमाण्ड देब्रेतिर उभिएका अधिकृतले स्वीकार्नुपर्ने हुन्छ । तर, आईजीपीमा बढुवा भएका सिंह पोखरेलभन्दा डेढवर्ष र थापा भन्दा करिब १० महिना कनिष्ठ अधिकृत हुन् । प्रधानमन्त्री देउवाले सुरक्षा संगठनको चेन अफ कमाण्ड नै खलबलिने गरी 'आफूले रुचाएका' सिंहलाई बढुवा गरेर लोकतान्त्रिक प्रणालीमा हुकुमी शैली अपनाएका छन।बिधि बिधान र लोकतान्त्रिक संस्कारको कुरा गर्ने गठबन्धनका नेताहरूले आपत्ति नजनाउनु विडम्बना हो । निर्वाचनको मुखमा गरिएको बढुवाको स्थापित मुल्य मान्यता विपरीत भएको हुँदा सच्याएर जेष्ठताका आधारमा पारदर्शीता र जवाफदेहिता वहन गर्नुपर्दछ ।

## तपाईंको आज

| | | | |
|---|---|---|---|
| मेष | : शत्रुको भय | तुला | : अप्रत्यसित लाभ |
| वृष | : झमेला बड्ने | वृश्चिक | : मन चञ्चल |
| मिथुन | : कार्यमा सफलता | धनु | : आर्थिक समस्या |
| कर्कट | : सहयोग मिल्नेछ | मकर | : मानसिक तनाब |
| सिंह | : सम्मान मिल्नेछ | कुम्भ | : शारीरिक झमेला |
| कन्या | : सत्कार मिल्नेछ | मीन | : ब्यापारमा लाभ |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**

पोखरा-१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६

चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस् ।

# माओवादी उम्मेदवारको एकै स्वर : व्यवस्था बदल्यौँ, अवस्था बदल्न माओवादीलाई भोट

**पोखरापत्र संवाददाता**
**पोखरा, १८ बैशाख**

वैशाख ३० गतेको स्थानीय तह निर्वाचनको मिति नजिकिदै जाँदा नेपाल कम्युनिष्ट पार्टी( माओवादी केन्द्र)ले कास्कीमा आफ्नो चुनावी प्रचार अभियानलाई तीव्र बनाएको छ ।

पोखरा महानगरपालिका तथा गाउँपालिकाका कतिपय वडामा एकल तथा कतिपयमा सत्ता गठबन्धनबाट उम्मेदवारी दिएको माओवादीले निर्वाचन प्रचार अभियानलाई व्यापक बनाएको छ। माओवादी केन्द्रका उम्मेदवार हरुले माओवादीकै नेतृत्वमा एकात्मक शासन व्यवस्था अन्त्य भएर अहिलेको संघीयता र स्थानीय तयको निर्माण भएकाले जसको नीति यसकै नेतृत्व हुनुपर्नेमा जोड दिएका छन् ।

माओवादीको नेतृत्वमा व्यवस्था परिर्वत भएकाले आम नागरिकको अवस्थामा परिर्वतन गरेर समृद्धिका लागि माओवादीलाई भोट दिएर विजयी गराउन आग्रह गरेका छन् । माओवादी केन्द्रले पोखराका आधाभन्दा बढी वडामा प्यानल सहित एकल उम्मेदवारी दिएको छ। त्यसैगरी मादी, अन्नपूर्ण, रुपा र माछापुच्छ्रेका अधिकाँस वडामा पनि माओवादी एक्लै चुनावी प्रतिस्पर्धामा छ । माओवादी केन्द्रबाट पोखरा महानगरपालिका वडा नं १ को अध्यक्षका प्रत्याशी भानुभक्त अधिकारीले जसको नीति उसकै नेतृत्व भएमात्र स्थानीय तहले राम्रोसँग काम गर्न सक्ने बताउनुभयो । माओवादीले जित्दा मात्र बृहत्तर पोखराको हित र जनताले सहज सेवा र सुविधा प्राप्त गर्ने बताए । उनले भने,"माओवादीको नेतृत्वमा जुन परिर्वत अहिले देशमा भयो, अव यसलाई समृद्ध बनाएर जनताको अवस्था बदल्न पनि माओवादीकै नेतृत्व चाहिन्छ ।"

नेकपा(माओवादी केन्द्र)ले एकल उम्मेदवारी दिएको पोखरा-११ मा घरदैलो सुरु गरेको छ । वडाका फूलबारी क्षेत्रका कोलपाटन, सफामार्ग लगायतका क्षेत्रमा घरदैलो गर्दै माओवादीका उम्मेदवारलाई विजयी बनाउन आग्रह गरेका छन् । सो वडामा माओवादीले एकल उम्मेदवारी दिएको छ । वडाध्यक्षमा चिन्तामणि खरेल र वडा सदस्यहरुमा विष्णुप्रसाद आचार्य, सुनिल लामिछाने, सरिता विक, उषा विश्वकर्मालाई उम्मेदवार छन् ।

# मादीमा गठबन्धनका उम्मेद्वारको घरदैलो

**पोखरापत्र संवाददाता**
**पोखरा, १८ बैशाख**

मादी गाउँपालिकमा गठबन्धनका उम्मेद्वारहरुले घरदैलो सुरु गरेका छ। गठबन्धनका साझा उम्मेदवारहरुले घरदैलो अभियान लिएर मादी ४ तारकाङ, ध्रुवचोक, डाँडाथोक, मजुवा मादी ५, चित्रे, मगर गाउँ पुगेका छन् । साथै, मादी ३ याङ्जाकोट घर भई पोखरा बस्नु भएका चेलिबेटीहरुसँग साक्षात्कार र गठबन्धन समुहले प्रतिबद्धता व्यक्त गरेको छ ।

साझा गठबन्धनका उम्मेद्वारहरु अध्यक्ष पदका लागि नेपाली कांग्रेसबाट देवी जंग गुरुङ र उपाध्यक्ष पदका लागि माओवादी केन्द्रबाट लालबहादुर गुरुङ उम्मेद्वार छन् । गठबन्धनका साझा उम्मेद्वारहरु भोट माग्दै जनताको घरदैलोमा पुगेको नेपाली कांग्रेस कास्की एकका सचिव सरोज केसीले जानकारी दिए । अध्यक्ष पदका उम्मेद्वार देवी जंग गुरुङले मादीका विकासका लागि आफूले उम्मेद्वारी दिएको बताए । मादीको समुन्नत विकासको लागि गठबन्धनका साझा उम्मेद्वाहरुलाई जिताउन पनि उनले सबैलाई आग्रह गरेका छन् । उपाध्यक्ष पदका उम्मेद्वार लालबहादुर गुरुङले कालो धन र गुण्डागर्दीको आधारमा मादी कब्जा गर्ने सपना नदेख्न विपक्षीलाई चेतावनी दिदै सुशासन, भ्रष्टाचाररहित सभ्य मादी बनाउन गठबन्धनलाई जिताउन आग्रह गरे । मादीलाई विकासमा फड्को मार्न आफूहरुले चुनाव जित्नु पर्ने बताए । मादीको विकासका लागि गठबन्धनका उम्मेद्वारहरुलाई मत दिन समेत उनले आग्रह गरे ।

# मत माग्दै उम्मेदवार मतदाताका घरदैलोमा

**पोखरापत्र संवाददाता**
**दमौली, १८ बैशाख**

आसन्न निर्वाचनका लागि उम्मेदवारले घरदैलो अभियान सुरुआत गरेका छन् ।

उम्मेदवारी दर्ता, उम्मेदवारी फिर्ता र अन्तिम नामावली प्रकाशित भएपछि उम्मेदवारले घरदैलो अभियान सुरु गरेका हुन् । उम्मेदवार आफ्ना प्रतिबद्धतापत्र, प्रचारसामग्रीसहित मत माग्न मतदाताको घरदैलोमा पुग्न थालेका हुन् । जिल्लाको सबैभन्दा धेरै मतदाता रहेको व्यास नगरपालिका सहित अन्य पालिकामा नेपाली कांग्रेस, नेकपा (माओवादी केन्द्र) नेकपा (एमाले) लगायत दलका उम्मेदवारले घरदैलो अभियान सुरु गरेका छन् । कांग्रेसले पहिलो चुनावीसभा व्यास-१३ बेलवासमा गरेको छ । व्यासमा कांग्रेसका तर्फबाट प्रमुखमा वैकुण्ठनाथ न्यौपाने र उपप्रमुखमा इन्दिरा दरैले उम्मेदवारी दिनुभएको छ। व्यासलाई उपमहानगरपालिका बनाउन संरचना निर्माणतर्फ मुख्य ध्यान रहने प्रमुखका उम्मेदवार न्यौपानेले बताउनुभयो । एमालेबाट व्यास नगरको प्रमुख उम्मेदवार दीपकराज जोशी र उपप्रमुख उम्मेदवार बसुन्धरा घर्ती उम्मेदवारको घरमा पुगी मत माग्न व्यस्त हुनुहुन्छ । व्यासलाई सुव्यवस्थित, समुन्नत र सुन्दर नगरपालिका बनाउने योजनासहित चुनावी मैदानमा होमिएको प्रमुखका उम्मेदवार जोशीले बताउनुभयो । यसैगरी सत्ता गठबन्धनबाट शुक्लागण्डकी नगरपालिकाका प्रमुखका उम्मेदवार कृष्णराज पण्डित र उपप्रमुखका उम्मेदवार राजु विक मतदाताको घरमा पुग्न थाल्नुभएको छ। शुक्लागण्डकीमा कांग्रेसबाट प्रमुख र माओवादी केन्द्रबाट उपप्रमुखमा गठबन्धन भएको छ । शुक्लागण्डकी नगरपालिकालाई समृद्ध बनाउने योजनासहित आफूहरू चुनावी मैदानमा उत्रिएको नगरप्रमुखका उम्मेदवार पण्डितले बताउनुभयो । नेकपा (एकीकृत समाजवादी)ले पनि घरदैलो अभियान सुरु गरेको छ । भानु नगरपालिकामा एकीकृत समाजवादीका उपप्रमुख उम्मेदवार श्रीराम पौडेल मतदाताको घरदैलोमा पुगेर मत माग्न थाल्नुभएको छ । उहाँले हरेक वडामा सीप केन्द्र सञ्चालन गरिने जनाउँदै नगरवासीलाई आत्मनिर्भर बनाउन एक वडाः एक सीप केन्द्र सञ्चालन गर्ने योजना रहेको उल्लेख गर्नुभयो ।

# सत्र जिल्लामा मात्रै मतपत्र ढुवानी बाँकी

**रासस**
**काठमाडौं, १८ बैशाख**

स्थानीय तह सदस्य निर्वाचन, २०७९ का लागि मतपत्र ढुवानी गर्न अब १७ जिल्ला मात्र बाँकी रहेको छ। सिन्धुली, रामेछाप र दोलखामा १९ गते बिहान ढुवानी हुनेछ भने अन्य जिल्लामा यसैसातामा पठाइनेछ।

वैशाख १७ गतेसम्ममा ४९ जिल्लाका लागि ९१ लाख ११ हजार मतपत्र ढुवानी गरिएकामा १८ गते लुम्बिनी प्रदेशका सबै जिल्लाका लागि मतपत्र पठाइएको छ । बाँकी रहेका जिल्लामा मधेश प्रदेशका आठ, प्रदेश नं १ को मोरङ, बागमती प्रदेशको रसुवा, चितवन, ललितपुर, काठमाडौं र भक्तपुर छन् । कर्णाली र सुदूरपश्चिमका सबै जिल्ला, प्रदेश नं १ का मोरङबाहेक सबै जिल्ला र गण्डकीको पोखरा महानगरबाहेक सबै स्थान, बागमती प्रदेशका ५ जिल्लामा मतपत्र पुगिसकेको छ । मनाङ र मुस्ताङ जिल्लामा हेलिकोप्टरबाट मतपत्र ढुवानी गरिएको छ । निर्वाचन आयोगले यही वैशाख १३ गतेबाट मतपत्र ढुवानी सुरु गरेको थियो । यसअघि छ वटा महानगर र भक्तपुर जिल्लाबाहेक ७६ जिल्लाका लागि एक करोड ८० लाख ४५ हजार मतपत्र छपाइ भइसकेकोमा आज भक्तपुर जिल्लाका लागि मतपत्र छपाइ सुरु भएको छ ।

महानगर र भक्तपुरका लागि छापिने मतपत्र उम्मेदवारी मनोनयनपत्र दर्ताको अन्तिम नामावलीका आधारमा पूर्ववत् डिजाइनमा निर्वाचन चिन्ह थपघट गरेर छपाइ हुँदैछ ।

# भावनात्मक प्रतिभा कार्यशाला सम्पन्न

**पोखरापत्र संवाददाता**
**पोखरा, १८ बैशाख**

कोअपरेटिभ म्यानेजर्स क्लब (सिएमसि) कास्कीको आयोजना तथा मनोदर्शन साईकोलोजिकल कन्सर्न को प्राविधिक सहयोगमा शनिबार पोखरामा इमोसनल इन्टेलिजेन्स वर्कसप सम्पन्न भएको छ ।

पोखरा लेकसाइड स्थित माई होटलमा कास्की जिल्ला स्थित सहकारी संस्थाका व्यवस्थापकहरुलाई लक्षित गरि उक्त कार्यशाला सम्पन्न भएको हो । सिएमसि कास्कीका मानार्थ सदस्य तथा कुशल सहकारी अभियन्ता भीमबहादुर गुरुङले कार्यक्रम समुद्धघाटन गर्दै यस कार्यक्रम आयोजना गरेकोमा खुशी व्यक्त गरे । तालिम लिनु र प्रमाण-पत्र ग्रहण गर्नु कुनै ठुलो कुरा होइन यसलाई व्यवहारमा उतार्नु महत्वपूर्ण रहेको भन्दै यस्ता प्रकारका तालिमले गर्दा समग्र सहकारी अभियानको लागि फाइदा पुग्ने धारणा उनले राखे ।

कार्यक्रममा सहभागीका तर्फबाट मन्तव्य राख्दै सुशिल के.सीले यस्ता खालका कार्यक्रमले हामी व्यवस्थापकहरुलाई थप उर्जा प्रदान गरेको र आगामी दिनमा त्यसलाई व्यवहारमा ल्याउने प्रतिवद्धता व्यक्त गरे । उनले सहभागिका तर्फबाट तालिम आयोजना गरेकोमा सिएमसि कास्की र मनोदर्शन साइकोलोजिकल कर्न्सनप्रति आभार प्रकट गरे । तालिममा मनोदर्शन साइकोलोजिकल कर्न्सनका प्रमुख प्रशिक्षक प्रज्वल आचार्य र प्रशिक्षक दीलिप श्रेष्ठले प्रशिक्षण दिएका थिए ।

क्लवको वार्षिक कार्यक्रम अनुसार क्लवका उपाध्यक्ष हरीप्रसाद पन्थीको अध्यक्षतामा भएको कार्यक्रममा सभाध्यक्षको मन्तव्य राख्दै उनले आगामी दिनमा यस्ता कार्यक्रमलाई अझ सशक्त बनाएर लैजाने र विभिन्न सङ्घ सस्थासँगको सहकार्यमा विभिन्न तालिमलाई निरन्तरता दिने प्रतिबद्धता जनाए ।

क्लबका संस्थापक अध्यक्ष मिलन ढकाल र निबर्तमान अध्यक्ष डम्बर सिंह बस्नेतको विशेष उपस्थिति रहेको कार्यशालामा ३२ जनाको सहभागिता रहेको थियो ।

क्लबका सचिव मोहनप्रसाद अधिकारीले संयोजन तथा सञ्चालने गरेको कार्यक्रममा समन्वयात्मक भूमिका रियल इभेन्ट म्यानेजमेन्टका ब्यबस्थापक सुशिल पोख्रेल तथा पहल ग्रुपका डाइरेक्ट्र अशोक पौडेलले गरेका थिए ।

# तनहुँमा एक हजार ६४० उम्मेदवार

**पोखरापत्र संवाददाता**
**दमौली १८ बैशाख**

आसन्न स्थानीय तह निर्वाचनका लागि तनहुँमा एक हजार ६४० उम्मेदवार कायम भएका छन् ।

चार नगरपालिका र छ गाउँपालिकामा कांग्रेसबाट ४४० जनाको उम्मेदवारी परेको छ । यसैगरी एमालेका ४१६ जना माओवादीका ३४७ जनाको उम्मेदवारी दर्ता भएको छ । एकीकृत समाजवादीका १३०, राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा)का १७९, मङ्गोल नेशनल अर्गनाइजेशनका ५२, विवेकशील साझाका ११ जनाको उम्मेदवारी दर्ता भएको छ । यसैगरी स्वतन्त्ररूपमा १२५ जनाको उम्मेदवारी दर्ता भएको छ । जनता समाजवादी पार्टीका तर्फबाट १८, राष्ट्रिय जनमुक्ति पार्टीका तर्फबाट २६, मौलिक जरोकिलो पार्टीबाट दुई, नेपाली कांग्रेस (बिपी) एक, उन्नत लोकतन्त्र पार्टीबाट एक, नेकपा (मार्क्सवादी लेनिवादी)बाट दुई जनाको उम्मेदवारी परेको छ ।

## नागरिक पारदर्शिताका लागि सार्वजनिक लेखा परीक्षण

**पोखरा महानगरपालिका वडा नं. २१ वरपिपल संरक्षण कार्य गर्दा निम्नानुसारको आम्दानी तथा खर्च भएको व्यहोरा सरोकारवालाहरुको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।**

**योजनाको नामः** वरपिपल संरक्षण
**स्थानः** पोखरा–२१ कास्की
**योजना सम्झौता मिति :** २०७८/१०/३० गते
**योजना सम्पन्न गर्ने मिति :** २०७८/१२/३० गते
**योजनाको कुल लागत :** रु. ७,९०,३९१.७३
**महानगरपालिकाबाट प्राप्त रकम :** रु.७,००,०००।–
**जन सहभागितावाट :** रु.९०,३९१.७९
**उपभोक्ता समिति अध्यक्षः** सूर्यमान श्रेष्ठ
**उपभोक्ता समिति संख्याः** ७ जना महिलाः ३ पुरुषः ४

**वरपिपल संरक्षण उपभोक्ता समिति**
**पोखरा–२१ कास्की**

## नागरिक पारदर्शिताका लागि सार्वजनिक लेखा परीक्षण

**पोखरा महानगरपालिका वडा नं. २१ देउराली गैरा आन्तरीक पर्यटन सौचालय तथा विश्राम स्थल भविष्य निर्माण मा.वि.मा शौचालय मर्मत तथा सेफ्टी टंकी निर्माण गर्दा निम्नानुसारको आम्दानी तथा खर्च भएको व्यहोरा सरोकारवालाहरुको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।**

**योजनाको नामः** देउराली गैरा आन्तरीक पर्यटन सौचालय तथा विश्राम स्थल भविष्य निर्माण मा.वि.मा शौचालय मर्मत तथा सेफ्टी टंकी निर्माण
**स्थानः** पोखरा–२१ कास्की
**योजना सम्झौता मिति :** २०७८/१०/३० गते
**योजना सम्पन्न हुने मितिः** २०७८/१२/३०
**योजनाको कुल लागत :** रु. ११,८८,२५०.८१
**महानगरपालिकाबाट प्राप्त रकम :** रु.१०,००,०००।–
**जन सहभागितावाट :** रु.१,८८,२५०.८१
**उपभोक्ता समिति अध्यक्षः** प्रकाश कुमार श्रेष्ठ
**उपभोक्ता समिति संख्याः** ७ जना महिलाः ३ पुरुषः ४

**देउराली गैरा आन्तरीक पर्यटन सौचालय तथा विश्राम स्थल भविष्य निर्माण मा.वि.मा शौचालय मर्मत तथा सेफ्टी टंकी निर्माण उपभोक्ता समिति**

# पोखरा ७ मा नेपाली कांग्रेसको घरदैलो उभियान सुरु

**पोखरापत्र संवाददाता**
**पोखरा, १८ बैशाख**

नेपाली काग्रेस पोखरा ७ ले आफ्नो घरदैलो कार्यक्रम सुरु गरेको छ । गठबन्धनका साझा उम्मेद्वार नेपाल कम्युनिष्ट पार्टी एकीकृत समाजवादीको तर्फबाट मेयरका उम्मेदवार धनराज आचार्य र काग्रेसको तर्फबाट उपमेयरकी उम्मेदवार कोपिला रानाभाटले सयुक्त रुपमा पोखरा ७ मासबारमा अवस्थित चुनाव प्रचार प्रसार कार्यलयको औपचारिक रुपमा उद्घाटन गरे पश्चात घरदैलो कार्यक्रम सुरु गरिएको हो ।

उद्घाटनमा बोल्दै मेयरका उम्मेदवार धनराज आचार्यले पोखरा महानगरपालिकामा विगतमा कुरा धेरै भएका तर महानगरपालिकामा हुन पर्ने जस्तो काम केहि पनि नभएकाले आम पोखरेली जनताले यो चुनावमा आफ्नो अमुल्य मत मार्फत गठबन्धनका उम्मेदवारलाई विजयी गराइ पोखरालाई समृद्धि र विकासको बाटोमा लम्काउनेमा आफुहरु विस्वस्थ रहेको बताए । उपमेयरकाउम्मेदवारकोपिलारानाभाटले राष्ट्रियता जोगाउन , लोकतन्त्र रक्षाका लागि र संविधान संरक्षणको लागि गठबन्धनको आवश्यक भएकाले नै विभिन्न निति सिद्धान्त भएका पार्टी एक ठाउँमा उभिएको बताउनु भयो । उहाँले गठबन्धनका सबै उम्मेदवारलाई विजय गराउन गठबन्धनमा आवद्ध सबै पार्टीका कार्यकर्ता एकजुट भएर लाग्न आग्रह गर्नुभयो । नेपाली काग्रेस पोखरा ७ का वडा अध्यक्ष पदका उम्मेदवार राम मोहन आचार्यले आफु र आफ्नो टिमका ५ जनालाई जिताउन वडावासीलाई आग्रह गरे । विगतका स्थानिय सरकारका कमी कमजोरीलाई निर्मुल पार्दै आम वडावासीको जनप्रतिनिधी भएर काम गर्ने र वडा नं. ७ लाई सुशासन र दिगो विकासमा पोखरा महानगरपालिकाकै नमुना वडा बनाएर देखाउने प्रतिवद्धता गरे । उनले आफनो टिममा पोखरा ७ का पाँच वटै भेगबाट प्रतिनिधित्व हुने गरि उम्मेदवारहरु भएकाले पनि वडा भित्रका सबै भेगको समावेशी विकासका लागि आफुहरुको जीतको आवश्यक रहेकाले वडाका मतदाताहरुले अमुल्य मत दिएर विजयी गराउनेमा आफु विश्वस्थ रहेको बताए ।

कार्यक्रममा वडा नं. ७ का युवा व्यवसायी खोवानन्द गिरीलाई उपमेयरका उम्मेदवार कोपिला रानाभाट र नेपाली काग्रेस वडा ७ का सभापति नविन राज बरालले खादा र माला लगाइ पार्टी प्रवेश गराए । कार्यक्रममा नेकपा एकिकृत समाजवादी पार्टीका तर्फबाट जील्ला सदस्य मोती राम बराल , भिमा पौडेल , वडा नं ७ का पार्टी अध्यक्ष गोविन्द प्रसाद बराल लगायतको उपस्थिती थियो ।

नेपाली काग्रेस वडा नं. ७ का इकाइ सभापति नविन राज बरालको अध्यक्षतामा भएको कार्यक्रममा स्वागत इकाइका उपाध्यक्ष अनन्त पण्डित र सञ्चालन सचिब दामोदर बरालले गरेका थिए । पोखरा महानगर पालिकामा वडा नं. ७ मा वडा अध्यक्षका उम्मेदवार राम मोहन आचार्यको नेतृत्वमा महिला सदस्यमा विनिता अधिकारी बराल , दलित महिला सदस्यमा पुर्ण कुमारी नेपाली , खुल्ला सदस्यमा अजित कार्की (रुद्र) र विष्णु सुवेदी रहेका छन ।

# देउराली दर्शन गरेर सुरु भयो माछापुच्छ्रे कांग्रेसको चुनावी अभियान

**पोखरापत्र संवाददाता**
**पोखरा, १८ बैशाख**

नेपाली कांग्रेस माछापुच्छ्रे गाउँपालिकाले आइतबारदेखि औपचारिक चुनावी अभियान सुरु गरेको छ । गाउँपालिका अध्यक्ष, उपाध्यक्ष लगायतका उम्मेदवारहरुले सार्दीखोस्थित काभ्रे गाउँको देउराली मन्दिरको दर्शन गरेर प्रचारप्रसार एवं घरदैलोको औपचारिक सुरुवात गरेका हुन् ।

नेपाली कांग्रेसका तर्फबाट माछापुच्छ्रे गाउँपालिका अध्यक्ष उम्मेदवार मिन बहादुर गुरुङ र उपध्यक्ष उम्मेदवार सिता अधिकारीले संयुक्त रुपमा अभियान शुभारम्भ गरे । अभियानको सुरुवात गर्दै अध्यक्ष उम्मेदवार गुरुङले गाउँपालिकाको समृद्धि र विकासकालागि उम्मेदवारी भएको जनाए । लोकप्रियता र प्रचारवाजीकालागि नभएर पालिकामा सूशासन र व्यवहारिक उपलब्धिकालागि उम्मेदवारी दिएको बताए । उपलब्ध स्रोतहरुको सहि व्यवस्थापन हुन नसक्दा पालिका पछि परेको उल्लेख गर्दै उनको स्रोतको सहि व्यवस्थापन र सदुपयोग गर्ने प्रतिबद्धता ब्यक्त गरे ।

यस्तै गाउँपालिका उपाध्यक्ष उम्मेदवार सिता अधिकारीले महिलाहरुको हकहितका लागि कुनै गुनासो नरहने गरि काम अघि बढाउने बताइन् । न्याय सम्पादनमा पालिकालाई अब्बल बनाउँदै योजनाबद्ध रुपमा दिर्घकालिन रुपमा छाप रहने गरि कार्य गर्ने उनले दाबी गरिन् । देउराली दर्शनपछि उम्मेदवारहरुले मतदाता भेटघाट सुरु गरेका थिए । नेपाली काँग्रेस माछापुच्छ्रे गाउँपालिकाका सभापति विरेन्द्र गुरुङ्गले मतदाताको आकर्षण कांग्रेसमा बढ्दै गएको उल्लेख गर्दै विजय सुनिश्चित रहेको जनाए । पालिका अध्यक्ष, उपाध्यक्ष लगायत सबै वडामा मतदाताले कांग्रेसलाई नै जिताउने उनको विश्वास छ । नेपाली काँग्रेस माछापुच्छ्रे -२का कार्यवाहक सभापति छविलाल गरुङ्गको अध्यक्षतामा सम्पन्न कार्यक्रममा निर्वाचन परिचालन समिती संयोजक खुशीमान गरुङ्ग, माछापुच्छ्रे - २ का प्रचारप्रसार संयोजक मुम्जमान गरुङ्ग, जिल्ला प्रतिनिधि सुदोय गौतम, क्षेत्रिय सचिव मेख बहादुर क्षेत्री लगायतले उम्मेदवारहरुलाई शुभकामना व्यक्त गरेको मिडिया संयोजक विजय लम्सालले जानकारी दिए । अभियान शुभारम्भको अवसरमा कांग्रेसका तर्फबाट वडाहरुका उम्मेदवारहरु, नेता, कार्यकर्ता लगायत शुभेच्छुकहरुको उपस्थिती थियो । साथै, उक्त कार्यक्रममा ५ जना एमालेमा आवद्धहरु पार्टी परित्याग गरी कांग्रेस प्रवेश गरेका थिए ।

# नेपाल मगर संघ नमुना एकाइको अध्यक्षमा प्रकाश पुनमगर

**पोखरापत्र संवाददाता**
**पोखरा, १८ बैशाख**



नेपाल मगर संघ, नमुना एकाइ समिति, पोखरा-१४, चाउथे, कास्कीको अध्यक्षमा प्रकाश पुनमगर सर्वसम्मत चयन हुनुभएको छ । पुन यसअघि, समितिको कोषाध्यक्ष हुनुहुन्थ्यो ।

संघको शनिबार सम्पन्न सातौं वार्षिक साधारणसभा तथा दोस्रो अधिवेशनबाट उपाध्यक्षमा हेमन्त रेगामीमगर, सचिवमा दिलु पुनमगर, सह-सचिवमा टिकाकुमारी थापामगर र कोषाध्यक्षमा दुर्गा श्रीसमगर चयन हुनुभएको छ । त्यसैगरी, सदस्यहरूमा दीपा थापामगर, तेजेन्द्र पुनमगर, कृष्ण रेगामीमगर, सुमित्रा थापामगर, दिलु फगामीमगर, सूर्यकला थापामगर, कृष्णबहादुर रेगामीमगर, भीम श्रीसमगर, लक्ष्मण थापामगर र दुर्गा काउचामगर चयन हुनुभएको छ ।

यसैबीच, नवनिर्वाचित समितिको पहिलो बैठकबाट पाँच जना सल्लाहकार समेत मनोनयन गरेको छ । जसमा सु. बलबहादुर थापामगर, बुद्धिबहादुर पुनमगर, ओम श्रीसमगर, शिव थापामगर र खडकबहादुर थापामगर रहनुभएको छ । साथै, समितिको आर्थिक उपसमिति संयोजकमा कृष्ण रेगामीमगर, सदस्यहरूमा ओमबहादुर थापामगर, विष्णु पुनमगर र सुर्जु थापामगर रहनुभएको छ । त्यस्तै, सांस्कृतिक उपसमिति संयोजकमा दिलु फगामीमगर, सदस्यहरूमा रत्न बुढाथोकीमगर, अमृता पुनमगर र भीमबहादुर काउचामगर रहनुभएको छ । यसअघि, अधिवेशनको उद्घाटन गर्दै नेपाल मगर संघ, कास्कीकी अध्यक्ष संगीता पुनमगरले हरेक क्षेत्रमा मगर समुदायको पहुँच र प्रतिनिधित्व जरुरी रहेको बताउनुभयो । मगर समुदायको भावनामा ठेस पुग्ने गरी काम नगर्न र अभिव्यक्ति नदिन सबैसँग अपिल गर्दै अध्यक्ष पुनमगरले मगर समुदायको आफ्नै गौरवशाली इतिहास र सभ्यता रहेको उल्लेख गर्नुभयो । मगर समुदायलाई राजनैतिक र प्रशासनिक क्षेत्रको निर्णायक तहमा पुऱ्याउन नेतृत्व विकास गर्दै अघि बढ्नुपर्ने आवश्यकता औंल्याउँदै उहाँले नेपालको हरेक राजनैतिक परिवर्तनमा मगर समुदायले बलिदानीपूर्ण भूमिका निर्वाह गरेको बताउनुभयो । नेपाल मगर महिला संघ, कास्कीकी अध्यक्ष नुनु रानामगरले मगर महिलाहरूलाई नेतृत्व विकास गर्दै अघि बढ्ने आग्रह गर्दै हरेक काममा मगर महिलाहरू अग्रसर हुनुपर्नेमा जोड दिनुभयो । सो अवसरमा नेपाल आदिवासी जनजाति पत्रकार महासंघ (फोनिज), गण्डकी प्रदेशका अध्यक्ष रूद्रबहादुर श्रीसमगर, नेपाल मगर संघ, कास्कीका संगठन विभाग प्रमुख क्या. भक्तबहादुर पुनमगर, कदममार्ग चाउथे एकाइ समितिकी अध्यक्ष सुनमाया आलेमगर, छिनेडाँडा एकाइ समितिका अध्यक्ष सु. दलबहादुर थापामगर, सल्लाहकार सु. बलबहादुर थापामगरले शुभकामना मन्तव्य व्यक्त गर्नुभएको थियो । कार्यक्रममा मगर भाषा प्रशिक्षकका रुपमा समाजलाई महत्वपूर्ण योगदान दिएको भन्दै भाषा प्रशिक्षकद्वय रूद्रबहादुर श्रीसमगर र विनु मसराङ्गीमगरलाई सम्मान गरिएको थियो ।

नेपाल मगर संघ, नमुना एकाइ समितिका निवर्तमान अध्यक्ष ओम श्रीसमगरको अध्यक्षतामा भएको कार्यक्रमको सञ्चालन सचिव शिव थापामगर र उपाध्यक्ष विना थापामगरले स्वागत गर्नुभएको थियो । कार्यक्रममा उत्कृष्ट सदस्यका रुपमा नैना दर्लामीमगर, अध्यक्ष ओम श्रीसमगर, उपाध्यक्ष विना थापामगर, सचिव शिव थापामगर, संघको स्थापनामा योगदान दिएको भन्दै सदस्य रत्नकुमारी बुढाथोकीमगर एवं कलाकारहरूलाई सम्मान गरिएको थियो । अधिवेशनले निवर्तमान अध्यक्ष ओम श्रीसमगर, सचिव शिव थापामगर र कोषाध्यक्ष प्रकाश पुनमगरले प्रस्तुत गरेको प्रतिवेदन सर्वसम्मतिले पारित गरेको छ ।

# मादीमा चुनाव सम्पन्न पार्न गठबन्धनको ९ समिति गठन

**पोखरापत्र संवाददाता**
**पोखरा, १८ बैशाख**

आसन्न स्थानीय तह निर्वाचन सफल पार्न मादी गाउँपालिकाको गठबन्धनले विभिन्न ९ समिति गठन गरेको छ । सत्तापक्ष कांग्रेस, माओवादी र एकिकृत समाजवादीसहितको संयुक्त चुनावी गठबन्धनले मादी गाउँपालिकास्तरिय बैठक गर्दै समिति गठन गरेको हो ।

पोखरा १३ शितलादेवीमा बसेको बैठकले चुनावी प्रचार प्रसारका लागि समिति गठन गरेको हो । नेपाली कांग्रेस मादी गाउँपालिका अध्यक्ष पदका उम्मेद्वार यामबहादुर गुरुङ, नेकपा माओवादी केन्द्रका मादी गाउँपालिका अध्यक्ष तोरण गुरुङ, एकिकृत समाजवादी मादी गाउँपालिका अध्यक्ष घननाथ सापकोटाको अध्यक्षतमा बसेको बैठक बसेको थियो । नेकपा माओवादी केन्द्रका केन्द्रीय सदस्य सोमति गुरुङ, नेका कास्की एकका सचिव सरोज केसी लगायतका गठबन्धनका नेताहरुको उपस्थितिमा बसेको बैठकले समिति उप समिति गठन गरेको हो । स्थानीय निर्वाचन २०७९ लाई व्यवस्थित सशक्त र उत्साहपूर्ण र विजयउन्मुख बनाउनका लागि गठबन्धनको मादी गाउँपालिकास्तरिय बैठक बसेको हो । निर्वाचनलाई परिणाममुखी बनाउन विभिन्न उपसमिति र उपसमितिको पनि बैठक राखी पूर्णता दिने संयुक्त रुपमा निर्णय भएको छ ।

# बिरासत जोगाउने लक्ष्य सहित पोखरा ३१ मा एमालेको घरदैलो जारी

**पोखरापत्र संवाददाता**
**पोखरा, १८ बैशाख**

नेकपा एमाले पोखरा ३१ ले पुरानो बिरासत जोगाउने लक्ष्य सहित घरदैलो कार्यक्रमलाई तीव्रता दिएको छ ।

अघिल्लो स्थानीय तहको निर्वाचनमा सबै पदमा फराकिलो मतान्तरले जित निकालेको एमाले पोखरा ३१ ले स्थानिय तहको निर्वाचनको मिति नजिकीए संगै सोही बिरासतलाई यो पटक पनि कायमै राख्ने लक्ष्यका साथ घरदैलो कार्यक्रमलाई तिब्रता दिएको हो । घरदैलोको क्रममा मतदाताको उत्साहजनक प्रतिक्रिया पाईरहेको र आफ्नो टिम जितको नजिक रहेको अध्यक्ष पदका उम्मेदवार चिरञ्जीवी बन्जराले बताए । उनले भने "हामीहरू जहाँ जहाँ पुगेका छौ त्यहाँ मतदाताको सकारात्मक र उर्जा सहितको प्रतिक्रिया पाईरहेका छौ । सबैको माया र साथले हाम्रो टिम जितको नजिक पुगेको महसुस गरेका छौ । नेकपा एमाले बिकास र समृद्धिको सम्वाहक भएकोले सुर्य चिन्हमा मतदान गरि देश बिकासको नेतृत्व एमालेलाई दिन आफुले सबै संग अपिल गरेको उनको भनाई छ । आफ्नो जित सुनिश्चित रहेको भन्दै उनले आफुले देखेको पोखरा ३१ लाई समृद्धि बनाउने सपना पूरा हुने दिशामा रहेको दाबी गरे ।

नेकपा एमाले पोखरा ३१ ले आईतवार बेगनासताल पारीको भाग, अदुवाबारी, कालिमाटी, बासपानी लगायतका टोलहरुमा घरदैलो कार्यक्रम सम्पन्न गरेको प्रचार-प्रसार समितिका संयोजक एवं वडा कमिटीका सचीव पुरुषोतम अधिकारीले जानकारी दिए ।

पार्टीका प्रदेश कमिटीका सदस्यहरु चतुरे बि.क., शंकरनाथ पौडेल लगायतका नेताहरूको नेतृत्वमा एमाले पोखरा ३१ ले आइतबारको घरदैलो कार्यक्रम सम्पन्न गरेको हो । स्थानिय तहको निर्वाचनका लागि पोखरा महानगरपालिका वडा नम्बर ३१ बाट नेकपा एमालेले अध्यक्षमा चिरञ्जीवी बन्जरा, खुल्ला सदस्यहरूमा देबेन्द्र अधिकारी र बिनोदमणी लामिछाने, महिला सदस्यमा धनदेबी तिवारी र दलित महिला सदस्यमा तारा नेपालीलाई चुनावी मैदानमा उतारेको छ ।

# कास्कीकोटमा पोखराका उम्मेदवारहरुले गरे विकास गर्ने प्रतिबद्धता

**पोखरापत्र संवाददाता**
**पोखरा, १८ बैशाख**

कास्कीकोटमा पोखार महानगरपालिका मेयर उप मेयर तथा वडा अध्यक्षहरुले विकास गर्ने योजना सहित प्रतिबद्धता जनाएका छन् ।

मेयर उपमेयर तथा वडा अध्यक्ष सदस्यहरुले "आफ्नो उम्मेदवारी, विकासका योजनाहरु कार्यान्वयन गराउन प्रतिबद्ध बनाएको छ । अधिकांश दलका उम्मेदवारले जन स्तरको माग सम्वोधन नगरेको सहभागीहरुले अरोप समेत लगाए । आफ्नो उम्मेदवारी वारे चर्चा गर्दै एमालेवाट मेयरका उम्मेदवार रहेका कृष्ण बहादुर थापाले भन्नु भयो "पोखरा र आसपासका क्षेत्रमा विकासको धेरै सम्भावना रहेको भन्दै विकासको सपना देख्नु राम्रो र आफुहरु त्यसको कार्यान्वयनमा सक्षम रहेको दावी गर्नुभयो । गठवन्धनका मेयरका उम्मेदवार धनराज आर्चायले पोखरा महानगरपालिका भित्र रहेको फोर र अधुरामा कार्ययोजनाहरु पुरा गर्ने बताउनु भयो । फेवाताल संरक्षण देखि महानगरमा गाभीएका साविकका गावीसहरुलाई पहिलो प्रथामीकता दिएको बताउनु भयो । अटेरी अभियानका स्वतन्त्र उम्मेदवार गणेश पौडेलले राजनीतीक नेताहरुले धेरै गफ लगाउने गरेको तथ्यमा रहेर काम नगर्दा पोखराको विकास र संरक्षण हुन नसकेको बताउनु भयो ।

## नागरिक पारदर्शिताका लागि सार्वजनिक लेखा परीक्षण

पोखरा महानगरपालिका वडा नं. २१ लप्सी खोला वयाली डाँडा सडक निर्माण गर्दा निम्नानुसारको आम्दानी तथा खर्च भएको व्यहोरा सरोकारवालाहरुको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

योजनाको नाम: लप्सी खोला वयाली डाँडा सडक निर्माण
स्थान: पोखरा–२१ कास्की
योजना सम्झौता मिति : २०७८/१०/३० गते
योजना सम्पन्न गर्ने मिति : २०७८/१२/३० गते
योजनाको कुल लागत : रु. ११,८३,५७१.५२
महानगरपालिकाबाट प्राप्त रकम : रु.१०,००,०००।–
जन सहभागितावाट : रु.१,८३,५७१.५२
उपभोक्ता समिति अध्यक्ष: गोविन्द प्रसाद भण्डारी
उपभोक्ता समिति संख्या: ७ जना महिला: ३ पुरुष: ४

**लप्सी खोला वयाली डाँडा सडक निर्माण उपभोक्ता समिति**
**पोखरा–२१ कास्की**


## नागरिक पारदर्शिताका लागि सार्वजनिक लेखा परीक्षण

पोखरा महानगरपालिका वडा नं. २१ बयाली डाँडा चौतारो मर्मत उपभोक्ता समिति गर्दा निम्नानुसारको आम्दानी तथा खर्च भएको व्यहोरा सरोकारवालाहरुको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

योजनाको नाम: बयाली डाँडा चौतारो मर्मत
स्थान: पोखरा–२१ कास्की
योजना सम्झौता मिति : २०७८/१०/३० गते
योजना सम्पन्न गर्ने मिति : २०७८/१२/३० गते
योजनाको कुल ला गत : रु. १०,६४,२८६.०७
महानगरपालिकाबाट प्राप्त रकम : रु.९,००,०००।–
जन सहभागितावाट : रु.१,६४,२८६.०७
उपभोक्ता समिति अध्यक्ष: चेत भक्त भण्डारी
उपभोक्ता समिति संख्या: ७ जना महिला: ३ पुरुष: ४

**बयाली डाँडा चौतारो मर्मत उपभोक्ता समिति**
**पोखरा–२१ कास्की**

सुपथ मूल्यमा आकर्षक छपाइ



पुस्तक, स्मारिका, ब्रोसर, क्यालेण्डर, निमन्त्रणा कार्ड, बिल, रसिद, पोष्टर,पम्प्लेट, भिजिटिङ्ग कार्ड आदि छपाईसम्बन्धी कामका लागि हामीलाई सम्झनुहोस् ।

हिमालय अफसेट प्रेस
नयाँबजार, पोखरा
फोन नं. : ०६१–५७०६५१